वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४५ अंक ११७ २०८३ भदौ १० गते बुधबार, नेपाल सम्वत् ११४६ August 26, 2026 पृष्ठ ४ मूल्य : रू. १५/-

# ११ जिल्ला कार्यक्षेत्र रहेको कीट विकास केन्द्रको प्रगति ९९ प्रतिशत : मौरी, च्याउ र रेशम प्रवर्द्धनमा उल्लेख्य प्रगति

भञ्ज्याङ समाचारदाता/तनहुँ

व्यावसायिक कीट विकास केन्द्र बन्दीपुर, तनहुँले आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन गरेका कार्यक्रममध्ये अधिकांशमा उल्लेख्य प्रगति गरेको छ । केन्द्रले गत आर्थिक वर्षमा विनियोजित कुल बजेटमध्ये ७३ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ भने कार्यक्रमगत भारित प्रगति ९९ दशमलव ३२ प्रतिशत पुगेको जनाएको छ। केन्द्रको वार्षिक प्रगति समीक्षा प्रतिवेदनअनुसार २४ वटा वार्षिक कार्यक्रममध्ये सबै कार्यक्रम कार्यान्वयनमा गएका थिए । तीमध्ये १८ वटा कार्यक्रमले ८० प्रतिशत वा सोभन्दा बढी प्रगति हासिल गरेका छन् ।

केन्द्रको आर्थिक वर्ष २०८२/८३ को कुल विनियोजित बजेट २ करोड ७१ लाख ४० हजार रूपैयाँ रहेकोमा १ करोड ९८ लाख ४७ हजार रूपैयाँ खर्च भएको प्रतिवेदनमा उल्लेख छ । कुल बजेटमध्ये पुँजीगततर्फ ३ लाख रूपैयाँ विनियोजन भएकामा १ लाख ९७ हजार रूपैयाँ खर्च भएको छ भने चालुतर्फ २ करोड ६८ लाख ४० हजार रूपैयाँ विनियोजन भएकामा १ करोड ९६ लाख ५० हजार रूपैयाँ खर्च भएको छ ।

त्रैमासिक प्रगतिमा समेत केन्द्रले वर्षको अन्त्यतिर उल्लेख्य सुधार गरेको देखिन्छ। पहिलो त्रैमासिकमा भारित प्रगति ७२.३८ प्रतिशत र वित्तीय प्रगति ४२.३६ प्रतिशत रहेकोमा दोस्रो त्रैमासिकमा क्रमशः ७६.२१ र ५५.२१ प्रतिशत पुगेको थियो । तेस्रो त्रैमासिकमा भारित प्रगति ७३.७१ र वित्तीय प्रगति ५५.९ प्रतिशत रहेकोमा चौथो त्रैमासिकमा भारित प्रगति शतप्रतिशत र वित्तीय प्रगति ७५.२३ प्रतिशत पुगेको थियो । वार्षिक भारित प्रगति भने ९९.३२ प्रतिशत कायम भएको छ ।

**मौरी र च्याउ व्यवसाय प्रवर्द्धनमा जोड**

केन्द्रले गण्डकी प्रदेशका विभिन्न जिल्लामा मौरीपालन तथा च्याउ खेतीलाई व्यावसायिक बनाउन तालिम, प्राविधिक सहयोग तथा अनुदानका कार्यक्रम सञ्चालन गरेको कार्यालयका बाली संरक्षण अधिकृत विजयराज पौडेलले जानकारी गराए । मौरी तथा च्याउ व्यवसाय प्रवर्द्धन कार्यक्रमअन्तर्गत १४६ जना मौरीपालक र १६ जना च्याउ कृषक लाभान्वित भएका छन्। च्याउतर्फ विभिन्न जिल्लाका कृषकलाई ४९ हजार रूपैयाँसम्मदेखि ४ लाख रूपैयाँभन्दा बढी रकमसमेत अनुदानका रूपमा उपलब्ध गराइएको उनले जनाए ।

मौरीपालनतर्फ म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा, तनहुँ, लमजुङ, गोरखा र नवलपुरलगायतका जिल्लाका कृषक लाभान्वित भएका छन् । केन्द्रबाट सञ्चालित मौरी तथा च्याउ व्यवसाय प्रवर्द्धन कार्यक्रमबाट कुल १४६ जना मौरीपालक र १६ जना च्याउ कृषक लाभान्वित भएको जनाइएको छ ।

स्थानीय तहमा कार्यरत कृषि प्राविधिकको क्षमता अभिवृद्धिका लागि समेत केन्द्रले तालिम सञ्चालन गरेको छ । प्रतिवेदनअनुसार गण्डकी प्रदेशका विभिन्न स्थानीय तहमा कार्यरत २३ जना कृषि प्राविधिकलाई क्षमता अभिवृद्धि तालिम दिइएको थियो । त्यस्तै पाँच दिने आधुनिक मौरीपालन तालिममा १०० जना मौरीपालक कृषक सहभागी भएका थिए भने मौरीपालनसम्बन्धी आधारभूत स्थलगत घुम्ती तालिममार्फत १७५ जना कृषकलाई तालिम प्रदान गरिएको थियो । च्याउ खेतीसम्बन्धी दुई दिने स्थलगत तालिमबाट १०० जना कृषक लाभान्वित भएका छन।

कार्यलय क्षेत्रको वस्तुस्थिति




**३५५ किलो च्याउ उत्पादन**

केन्द्रले आफ्नै कार्यालय परिसरमा च्याउ उत्पादन गरी बिक्री वितरणसमेत गरेको छ। गत आर्थिक वर्षमा कन्ये च्याउ ३५५ किलोग्राम उत्पादन गरी बिक्री गरिएको प्रतिवेदनमा उल्लेख छ । साथै ५ हजार १५० प्याकेट कन्ये च्याउको बीउ (स्पन) उत्पादन गरिएकोमा ४ हजार ७५० प्याकेट बिक्री गरिएको छ । उक्त स्पनबाट तनहुँ, लमजुङ र नवलपुरका कृषक लाभान्वित भएका छन् ।

च्याउ उत्पादन तथा प्रविधि विस्तारका लागि केन्द्रले आवश्यक प्रयोगशाला सामग्री, कल्चर तथा अन्य सामग्री व्यवस्थापन गरेको थियो। यसअन्तर्गत ४ हजार ७४५ प्याकेट च्याउ स्पन बिक्री, च्याउ बीउ राख्न सातवटा दराज खरिद तथा २०० बोतल कल्चर खरिद गरिएको प्रतिवेदनमा उल्लेख छ । यस कार्यक्रमको वित्तीय प्रगति ९१ प्रतिशत रहेको छ ।

**रेशम कोया उत्पादनमा पनि प्रगति**

केन्द्रले रेशम प्रविधिको संरक्षण र उत्पादनलाई समेत निरन्तरता दिएको छ। गत आर्थिक वर्षमा १३० किलोग्राम रेशमको कोकुन उत्पादन गरी खोपासीमा हस्तान्तरण गरिएको छ । यस कार्यक्रमका लागि विनियोजित बजेटको ९९ प्रतिशत खर्च भएको प्रतिवेदनमा उल्लेख छ ।

केन्द्रको ३ दशमलव ५ हेक्टरको किम्बु बगैंचामा वर्षमा दुईपटक रेशम कीरापालन गरिएको छ । बगैंचा व्यवस्थापनअन्तर्गत काटछाँट, गोडमेल तथा मलखाद व्यवस्थापनका कामसमेत गरिएको केन्द्रले जनाएको छ ।

**बाँझो जग्गामा चिउरी र किम्बु**

उत्पादनशीलता बढाउने उद्देश्यले केन्द्रले कार्यालय परिसरमा रहेको बाँझो जग्गाको समेत उपयोग गरेको छ । करिब १५ रोपनी बाँझो जग्गामा १०० वटा कलमी चिउरी र १० हजार वटा किम्बु नसरी उत्पादन गरिएको छ । त्यस्तै १०० वटा कल्की बिरूवा उत्पादन गर्नुका साथै मौरी चरनका लागि चार रोपनी जग्गामा तोरी र फापर रोपिएको छ ।

मौरी तथा रेशममैत्री बिरूवा उत्पादन तथा वितरण कार्यक्रमअन्तर्गत कागती, अम्बा, आँप र लिचीलगायतका बिरूवा उत्पादन तथा मातृबोट व्यवस्थापन गरिएको छ। यस कार्यक्रमको वित्तीय प्रगति भने ४२ प्रतिशत रहेको छ, जसलाई केन्द्रका अन्य कार्यक्रमको तुलनामा कम प्रगति भएको क्षेत्रका रूपमा प्रतिवेदनले देखाएको छ ।

**मौरीपालनमा मौसमी समस्या**

मौरीपालन व्यवसायमा प्रतिकूल मौसम तथा आहारको अभाव प्रमुख चुनौतीका रूपमा देखिएको छ। प्रतिवेदनमा गोरखालगायतका जिल्लामा मौरीको

बाँकी अन्तिम पेजमा

# कांग्रेसभित्र रडाको : अदालतको फैसला कुर्ने कि राजनीतिक सहमति गर्ने ?

भञ्ज्याङ समाचारदाता/काठमाडौं

नेपाली कांग्रेसको निर्वाचन समितिको भदौ २ गतेको बैठकले भदौ २४ गते वडा अधिवेशन गर्दै १५औं महाधिवेशनअन्तर्गत अधिवेशन सुरू गर्ने निर्णय गरेको छ । तर, त्यसविरूद्ध २०७८ मंसिरमा १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिका सभापति शेरबहादुर देउवालले त्यो महाधिवेशन प्रक्रिया रोक्न भन्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका छन् ।

उनी र निवर्तमान उपसभापति पूर्णबहादुर खड्काले दायर गरेका रिट सर्वोच्च प्रशासनले मंगलबार दर्ता गर्दै भदौ ११ गते बिहीबारका लागि पेसी तोकेको छ ।

नेपाली कांग्रेसको आधिकारिकता विवादमा देउवा र खड्काले नै दायर गरेका छुट्टाछुट्टै रिटमा पूर्ण इजलासले मुद्दा सुरूबाटै सुनुवाइ गर्नेगरी पुनरवलोकनको अनुमति दिएको थियो । त्यसपछि संस्थापनले एकलौटी रूपमा महाधिवेशनको नयाँ कार्यतालिका सार्वजनिक गरेको भन्दै देउवा र खड्का पूरक रिट लिएर सर्वोच्च



पुगेका हुन् ।

पूरक रिट सर्वोच्च प्रशासनले दर्ता गरेर पेसी नै तोकेपछि अब सर्वोच्चको फैसला अगावै कांग्रेसमा १४औं महाधिवेशनबाट आएको समिति र विशेष महाधिवेशनबाट आएको समितिबिच सहमति हुन्छ कि हुन्न भने चर्चा सुरू भएको छ।

यस सन्दर्भमा इतर (निवर्तमान सभापति शेरबहादुर देउवा र नेता डा. शेखर कोइराला)समूहले सर्वोच्चको फैसला कुर्ने पक्षमा देखिन्छ । संस्थापन भने फैसलाअघि नै राजनीतिक सहमतिमार्फत विवाद टुंग्याएर महाधिवेशनको वातावरण बनाउनुपर्ने बताइरहेको छ ।

इतर समूहका नेता एनपी साउदले सर्वोच्च अदालतमा चलिरहेको आधिकारिकतासम्बन्धी विवाद अगावै राजनीतिक सहमति गरेर अगाडि बढ्न १४औं महाधिवेशनलाई नै मान्ने गरेर सबै समाहित हुनुपर्ने बताए। देउवा कांग्रेसको विधानअनुसार पनि आगामी महाधिवेशनबाट सभापति बन्न नपाउने र आफै सभापति नबन्ने घोषणा गरिसकेकाले उनकै नेतृत्वमा महाधिवेशन गर्नेगरी दुवै पक्ष मिलेर अगाडि बढ्न सकिने साउदको तर्क छ ।

'पार्टीको आधिकारिकतासम्बन्धी मुद्दा पुनरवलोकनका लागि सर्वोच्च अदालतमा छ, यसको टुङ्गो लाग्नुभन्दा अगाडि यदि सहमति गर्ने हो भने दुवै पक्ष संलग्न भएको हुनाले १४औं महाधिवेशनलाई नै मान्ने गरेर सबै समाहित हुनुपर्छ,' साउदले केही दिनअघि रातोपाटीसँगको

बाँकी तेश्रो पेजमा

# भानु नगरपालिकामा गत आवको वार्षिक समीक्षा

भञ्ज्याङ समाचारदाता/भानु

तनहुँको भानु नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरेका नीति, योजना, कार्यक्रम तथा सेवा प्रवाहको वार्षिक समीक्षा गरेको छ । नगरप्रमुख आनन्दराज त्रिपाठीको अध्यक्षतामा आयोजित कार्यक्रममा गत आर्थिक वर्षमा नगरपालिकाका विभिन्न शाखा तथा वडामार्फत सञ्चालन गरिएका योजना तथा कार्यक्रमको प्रगति, उपलब्धि र कार्यान्वयन अवस्थाबारे समीक्षा गरिएको हो।



समीक्षा कार्यक्रममा नगरपालिकाले आर्थिक वर्षभरि सञ्चालन गरेका विकास निर्माण, सेवा प्रवाह तथा विभिन्न कार्यक्रमको प्रगति र उपलब्धिबारे छलफल गरिएको थियो । योजनाहरू कार्यान्वयनका क्रममा देखिएका समस्या तथा चुनौती पहिचान गर्दै आगामी दिनमा सुधार गर्नुपर्ने

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# युवालाई प्राथमिकतामा राखौं

जनताको घरदैलोको सरकारका रूपमा चिनिएका स्थानीय तहले चालु आर्थिक वर्षका लागि नीति, कार्यक्रम तथा बजेट निर्माण गरी कार्यन्वयनको चरणमा पुगेका छन् । संघ र प्रदेश सरकारले पनि चालु आर्थिक वर्षका लागि बजेट तथा नीति कार्यक्रम कार्यान्वयनको प्रक्रियामा अगाडि बढिसकेका छन् । मुलुकका तीनै तहका सरकारले सामयिक रूपमा युवा लक्षित कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्दा युवाहरू अहिले आफ्नो थाँतथलो छाड्ने क्रम बढ्दै गएको छ । स्थानीय सरकारले यो अबको नीति कार्यक्रम र बजेटमा कसरी समेट्छन ? सबैको चासोको विषय बनेको छ । तनहुँका चार नगरपालिका र छ गाउँपालिकाले पनि युवालाई आ–आफ्नै गाउँठाउँमा स्वरोजगार बनाउन भन्दै विभिन्न कार्यक्रमहरू सञ्चालन पनि गरेका छन् । तर, ती कार्यक्रम प्रभावकारी बन्न सकेको देखिदैन। युवाहरूको श्रम, सीप, सिर्जनात्मकताको उपयोग गर्न सकेमात्र समृद्धिको यात्रा तय हुन्छ । तीनै तहका सरकारले युवाका चाहना, आवश्यकता र युवालाई आकर्षित गर्ने खालका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्दा अहिले कतिपय गाउँबस्ति युवा विहिन अवस्थामा पुगेका छन् । यतिसम्मकी कतिपय गाउँहरू खण्डहर बन्दै गएका छन् भने केही गाउँ छ वृद्धवृद्धा मात्रै बसोवासर रहेको भेटिन थालेका छन् ।

नेपालको कुल जनसंख्यामा श्रमयोग्य युवाहरूको हिस्सा उच्च छ । विज्ञहरु युवाहरूको यो संख्यालाई जनसांख्यिक लाभको रूपमा परिभाषित गर्ने र यसको सदुपयोग गर्नुपर्ने बताउँछन् । यस्तो जनसांख्यिक लाभांश समुन्नत र समृद्ध नेपालको आधार बन्ने उच्च सम्भावना हुँदाहुँदै पनि युवा जनशक्तिको सिर्जनात्मक उपयोग गर्न सकिएको छैन । युवाको विदेश पलायनले देशको कृषियोग्य जमिन बाँझो छ । युवा बिदेसिनुको असर देशको आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा परिरहेको छ । उत्पादन बढाएर देशलाई समाजवाद उन्मुख समृद्धितिर लैजान नेपालबाहिर रहेका बहुसंख्यक नेपालीको सहभागिता अनिवार्य हुन्छ । अवसर र रोजगारी खोज्दै एक करोडभन्दा बढी नेपाली बिदेसिएका छन्। उनीहरूमध्येबाटै स्वदेश फर्किएका, जोसँग केही गर्ने उमेर र उमङ्ग अझै बाँकी छ, उनीहरूको प्राविधिक ज्ञान, सीप, पुँजी र समग्र अनुभवलाई प्रयोग गरेरै हामीले देशमा उत्पादन बढाउन सक्छौं । यसरी फर्किएका (रिटर्नी)हरूलाई रोजगारी दिएर वा स्वामित्व दिएर देशको उत्पादन बढाउने योजना अगाडि ल्याउनुपर्छ । आत्मनिर्भर अर्थतन्त्र एवं समृद्धिका लागि सरकार, 'रिटर्नी' र सम्पूर्ण सरोकारवालाहरूको यसप्रति ध्यान जान जरूरी छ । हरेक 'रिटर्नी'लाई कुनै उद्यममा संलग्न गराउन वा बाहिर सिकेर आएको सीपअनुसारको रोजगारमा लगाउन राज्यले ध्यान दिनुपर्छ ।

अर्थतन्त्रमा आन्तरिक तथा बाह्य आम्दानी र कुल गार्हस्थ्य उत्पादनको स्थिति ऋणात्मक रहेपनि उल्लेख्य विदेशी मुद्रा सञ्चितिका कारण नेपालको अर्थतन्त्र सकारात्मक छ । धेरैको मुखबाट सुन्ने गरिएको छ, 'आज मुलुकको अर्थतन्त्र विप्रेषण (रेमिट्यान्स)ले चलेको छ ।' विभिन्न तथ्याङ्कले यो पुष्टि गरेको देखिन्छ। जुनसुकै माध्यम र भिसामा बिदेसिए पनि रोजगार लक्षित युवाहरूको संख्या एक करोडभन्दा माथि नाघेको छ । दिन प्रतिदिन बिदेसिनेको संख्या बढ्दो क्रममा छ। हरेक दिन देश छाड्ने युवाको संख्या २२/२३ सय छ भने फर्किनेको संख्या तीन–चार सयको हाराहारी छ । देशमा युवा रित्तिने क्रमलाई कम गर्न फर्किनेहरूको पुनःस्थापना गर्न आवश्यक छ । विगत एक दशकमा नेपालले ठुलठुला संकट बेहोरेको छ, जसले अर्थतन्त्रलाई कमजोर बनाउँदै लगेको छ ।

२०७२ को विनाशकारी भूकम्प, ठुलठुला बाढी–पहिरो, पटक पटक सरकार फेरिने राजनीतिक संकट, कोरोना महामारी आदिबाट मुलुकको अर्थतन्त्र डुब्नबाट बचाउन रेमिट्यान्सकै मुख्य भूमिका छ, तर रेमिट्यान्सको भर हुँदैन । आत्मनिर्भर र समाजवादी अर्थतन्त्रका लागि हामीसँग राष्ट्रिय पुँजी र उत्पादन नै चाहिन्छ। देशको परिवेश तथा ग्रामीण अर्थतन्त्रसँग बाल्यकालमा जोडिएको यो पुस्ता नै युवावस्थामा विदेशी भूमिमा आफ्नो श्रम खर्चिन पुगेको थियो । युवावस्थाको उत्तरार्धतिर स्वदेश फर्केकाहरूको ज्ञान, सीप, क्षमता र पुँजीलाई उचित ढङ्गले देशको उत्पादनमा जोड्न सकिएन भने हाम्रो अर्थतन्त्र जर्जर हुँदै जान्छ । अर्कोतिर नेपाली भूमिमा साल–नाल जोडिएको यो पुस्ता पलायनतिर लाग्दा यिनीहरूका सन्तानहरूको पनि देशसँगको नाता कमजोर हुने निश्चित छ । त्यसैले ४० वर्ष उमेर नाघेका यी 'रिटर्नी'हरूको श्रम सभ्यताको निरन्तरताले आगामी एक–दुई दशकभित्र समाजवादी नेपाल निर्माण गर्न योगदान पुऱ्याउन सकिन्छ । तर, अबका दिनमा के कसरी अगाडि बढ्ने र युवालाई आफ्नै थातथलोमा स्वरोजगार बनाउका लागि स्थानीय सरकारको नीति, कार्यक्रमले निकै महत्वपूर्ण भूमिका खेल्न सक्छ । त्यसैले स्थानीय सरकारले आफ्नो गाउँठाउँको सम्भाव्यता, आवश्यकताको पहिचान गरी सोही अनुसारको कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाउनुको विकल्प छैन ।

# युवाको उत्साह, अनुभव र विधिको शासन

नेपालको वर्तमान राजनीतिक परिवेशमा एउटा असाधारण आशा जन्मिएको छ । लामो समयदेखि परम्परागत राजनीतिक शक्तिको शासन, अस्थिरता, भ्रष्टाचार, सुशासनको कमजोरी र राज्य संयन्त्रप्रतिको बढ्दो अविश्वासबाट निराश बनेका नेपाली नागरिकले परिवर्तनको खोजी गरेका थिए। यही असन्तुष्टिको पृष्ठभूमिमा युवाको नेतृत्वमा भएको आन्दोलनले पुरानो राजनीतिक समीकरणलाई विस्थापित गऱ्यो र नयाँ राजनीतिक शक्तिलाई अत्यन्त बलियो जनादेशसहित सरकार सञ्चालन गर्ने अवसर प्राप्त भयो ।

वर्तमान सरकारका प्रधानमन्त्री बालन्द्र शाह स्वयं ३६ वर्षको उमेरमा नेपालको सबैभन्दा कम उमेरका प्रधानमन्त्री बन्नुभएको छ । २०८२ सालको निर्वाचनपछि करिब दुई तिहाई बहुमतको शक्ति प्राप्त गरेको छ । मन्त्रिपरिषद्को ठूलो हिस्सा पनि ४० वर्षभन्दा कम उमेरका व्यक्तिहरूको छ । यो परिवर्तन सामान्य राजनीतिक घटना होइन, नेपाली समाजले पुरानो राजनीतिक संस्कारप्रति दिएको गम्भीर सन्देश हो । त्यसैले वर्तमान सरकारप्रति नागरिकको अपेक्षा पनि सामान्य

फ्रान्सका इमानुएल म्याक्रों ३९ वर्षको उमेरमा राष्ट्रपति बने । युवा उमेरले उनलाई नयाँ राजनीतिक दृष्टिकोण अघि सार्न सहयोग गऱ्यो तर फ्रान्सजस्तो जटिल राज्य सञ्चालन गर्न उनले अनुभवी प्रशासनिक तथा कूटनीतिक संयन्त्रलाई प्रयोग गरे । यसबाट सिक्नुपर्ने पहिलो पाठ हो–युवाले नेतृत्व गर्न सक्छन्, तर युवाहरू अनुभवको विकल्प बन्न सक्दैनन्। अनुभव भन्नाले उमेर मात्र होइन, विगतका सफल र असफल अभ्यासबाट सिक्ने क्षमता नै वास्तविक अनुभव हो । आफूभन्दा अगाडि काम गरेका व्यक्तिको ज्ञान ग्रहण गर्नु कमजोरी होइन, नेतृत्वको परिपक्वता हो ।

विश्व इतिहासमा आन्दोलन वा क्रान्तिबाट युवा उमेरमै सत्तामा पुगेका नेताहरु पनि छन् तर उनीहरूको अनुभव एकै प्रकारको छैन । बुर्किनाफासोका थोमस सांकारा यसको महत्वपूर्ण उदाहरण हुन् । उनी ३३ वर्षको उमेरमा सन् १९८३ मा क्रान्तिमार्फत सत्तामा पुगे । उनले देशको नाम नै परिवर्तन गरेर बुर्किनाफासो राखे । भ्रष्टाचार नियन्त्रण, शिक्षा, स्वास्थ्य, महिला सहभागिता तथा आत्मनिर्भरतालाई प्राथमिकता दिए । उनको शासनकाल छोटो

भ्रष्टाचार, ढिलासुस्ती, राजनीतिक संरक्षण, दण्डहीनता र प्रशासनिक कमजोरी हटाउन कठोर कदम चाल्न आवश्यक छ, तर कठोर कदम विद्यमान कानुन, प्रक्रिया, विधिसम्मत हुनुपर्दछ । लोकतन्त्रमा सरकारले गलत काम गर्ने व्यक्तिमाथि कारबाही गर्नसक्छ तर कारबाहीको पनि विधि हुन्छ, प्रक्रिया हुन्छ, प्रमाण चाहिन्छ। सम्बन्धित व्यक्तिलाई आफ्नो कुरा राख्ने अवसर हुन्छ । निर्णयमाथि पुनरावलोकनको बाटो हुन्छ । न्यायिक परीक्षणको सम्भावना हुन्छ। यी प्रक्रिया जटिल देखिएता पनि लोकतन्त्रको सुन्दरता भनेकै यही हो । विधिको शासन व्यक्तिको हितका लागि होइन, सबैका लागि समान सुरक्षा सुनिश्चित गर्न आवश्यक हुन्छ ।

नेपालको प्रशासनिक संयन्त्रमा दशकौं काम गरेका कर्मचारी, न्यायाधीश, कूटनीतिज्ञ, प्राध्यापक, अर्थशास्त्री, प्राविधिक र सुरक्षा अधिकारीहरु छन् । उनीहरूसँग सबै उत्तर नहुन सक्छन् तर राज्य सञ्चालनका अनेक अनुभव छन् । नयाँ सरकारले उनीहरूलाई पुरानो व्यवस्था बोकेका व्यक्ति भनेर मात्र हेर्नु हुँदैन । स्मरण रहोस्, यी गुणस्तरयुक्त अनुभवी

> नेपालको प्रशासनिक संयन्त्रमा दशकौं काम गरेका कर्मचारी, न्यायाधीश, कूटनीतिज्ञ, प्राध्यापक, अर्थशास्त्री, प्राविधिक र सुरक्षा अधिकारीहरू छन् । उनीहरूसंग सबै उत्तर नहुन सक्छन् तर राज्य सञ्चालनका अनेक अनुभव छन् । नयाँ सरकारले उनीहरूलाई पुरानो व्यवस्था बोकेका व्यक्ति भनेर मात्र हेर्नु हुँदैन । स्मरण रहोस्, यी गुणस्तरयुक्त अनुभवी व्यक्तित्वहरू सरकारका नजिक पुगेर आत्मप्रशंसा गर्न चाहादैन, उनीहरू स्वाभिमानी हुन्छन् । सरकारले खोजी गर्न सक्नुपर्छ ।



श्यामप्रसाद मैनाली

सरकारप्रतिको भन्दा धेरै ठूलो छ ।

प्रधानमन्त्रीमा देशका लागि केही गरौं भन्ने हुटहुटी देखिन्छ । अधिकांश मन्त्री तथा सत्तारूढ राजनीतिक नेतृत्वमा पनि नयाँपन, ऊर्जा र परिवर्तनको आकांक्षा देखिन्छ । यसलाई सकारात्मक रूपमा लिनुपर्छ तर शासन केवल इच्छा, उत्साह र लोकप्रियताबाट सञ्चालन हुँदैन। लोकप्रिय केही सामान्य कारबाहीहरू गरेर देशको अवस्थाको परिवर्तन गर्न सकिन्न। शासन सञ्चालनका लागि अनुभव, संस्थागत स्मृति, कानुनी ज्ञान, प्रशासनिक क्षमता, राजनीतिक परिपक्वता र निर्णयको दूरगामी प्रभाव बुझ्ने क्षमता पनि आवश्यक हुन्छ ।

### अन्तर्राष्ट्रिय अनुभव

परिवर्तनको सबैभन्दा ठूलो ऊर्जा युवाबाटै आउँछ । संसारका धेरै मुलुकमा युवा उमेरमै राजनीतिक नेतृत्वमा पुगेका व्यक्तिहरूले महत्वपूर्ण परिवर्तन गरेका उदाहरण देख्न सकिन्छ । न्युजिल्यान्डकी जाकिन्दा आर्डेन ३७ वर्षको उमेरमा प्रधानमन्त्री बनिन् । उनले संकटको समयमा सहानुभूति, संवाद र संस्थागत संयमलाई नेतृत्वको महत्वपूर्ण आधार बनाइन् । क्राइस्टचर्चमा भएको आतङ्कवादी हमलापछि उनको मानवीय प्रतिक्रिया विश्वभर उदाहरण बन्यो। उनी युवा थिइन् तर उनले विशेषज्ञता, प्रशासनिक संयन्त्र र संस्थागत प्रक्रियालाई नेतृत्वसँग जोडिन्।

भए पनि उनको राजनीतिक आदर्श आजसम्म प्रभावशाली छ । बुर्किनाफासोको राष्ट्रपतिको आधिकारिक विवरणले पनि ४ अगस्ट १९८३ देखि १५ अक्टोबर १९८७ सम्म उनको नेतृत्व र क्रान्तिकारी कार्यक्रमको उल्लेख गर्छ तर सांकाराको अनुभवको अर्को पक्ष पनि उत्तिकै महत्वपूर्ण छ । क्रान्तिकारी उत्साह, व्यक्तिगत लोकप्रियता र परिवर्तनको तीव्र चाहनाले मात्र दीर्घकालीन रूपमा लोकतान्त्रिक संस्था निर्माण गर्न सक्दैन । सन् १९८७ मा आफ्नै सहकर्मी ब्लेज कम्पाओरेको नेतृत्वमा भएको 'कू' मा परी उनको अवसान भएको इतिहास छ ।

### दुई तिहाइको बहुमत अवसर हो

नेपालमा वर्तमान सरकार आन्दोलनको राजनीतिक ऊर्जा र जनताको मतबाट बनेको हो । त्यसैले यसले क्रान्तिकारी आवेगलाई लोकतान्त्रिक संस्थागत रूपान्तरणमा बदल्नुपर्छ, क्रान्तिको नाममा संस्था कमजोर बनाउने दिशामा जानु हुँदैन । वर्तमान सरकारसँग एउटा असाधारण राजनीतिक शक्ति छ । झन्डै दुई तिहाइको जनादेश छ । यस्तो शक्ति धेरै सरकारलाई प्राप्त हुँदैन तर ठूलो बहुमतसँग ठूलो जिम्मेवारी पनि आउँछ । जनताले सरकारलाई अझ बढी जिम्मेवार भएर काम गर्ने अवसर दिएका हुन् ।

नेपालमा पुराना राजनीतिक नेतृत्वहरूप्रति नागरिकहरूको आक्रोश छ।

व्यक्तित्वहरु सरकारका नजिक पुगेर आत्मप्रशंसा गर्न चाहँदैन, उनीहरु स्वाभिमानी हुन्छन् । सरकारले खोजी गर्न सक्नुपर्छ । पुरानो पुस्ताको कमजोरी र अनुभवबाट पनि नयाँ पुस्ताले सिक्नुपर्छ । युवाको ऊर्जा र अनुभवी पुस्ताको ज्ञानबीच सम्बन्ध स्थापित गर्नसके मात्र राज्यसंयन्त्र प्रभावकारी हुन्छ। युवाले दिशा दिन सक्छन्, अनुभवीले बाटोको जोखिम देखाउन सक्छन् । प्रविधिले गति दिन सक्छ, संस्थाले स्थायित्व दिन्छ। राजनीतिक इच्छाशक्तिले निर्णय गराउन सक्छ, प्रशासनिक क्षमताले त्यसलाई कार्यान्वयनमा लैजान्छ। यी सबै एकअर्काका परिपूरक हुन् ।

### सरकारका लागि केही सुझावहरु

वर्तमान सरकार देशको अवस्था परिवर्तन गर्न जिम्मेवारीका साथ सत्तामा पुगेको छ। गल्ती गर्ने छुट वर्तमान सरकारलाई छैन। तसर्थ, केही विषयहरूलाई प्राथमिकतामा राखी शासन सञ्चालन गर्नु उपयुक्त हुन्छ । पहिलो हो, उत्साहलाई प्रणालीमा रूपान्तरण गर्नुपर्छ । प्रधानमन्त्रीको हुटहुटी सकारात्मक शक्ति हो तर प्रधानमन्त्रीको व्यक्तिगत ऊर्जा सम्पूर्ण राज्य संयन्त्रको कार्यक्षमतामा परिणत हुनुपर्छ । आफ्नो स्थायी संयन्त्रमाथि पूर्णविश्वास गर्नुपर्छ र त्यसलाई सक्षम बनाउनुपर्छ ।

दोस्रो हो, कानुनी प्रक्रिया र संस्थागत

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
आज नयाँ योजना, पारिवारिक सहयोग प्राप्त हुनेछ। व्यापार तथा पेशामा सकारात्मक संकेत देखिएन्छ

**वृष**
आर्थिक पक्ष सुदृढ बन्नेछ। आफन्तसँगको सम्बन्ध अझ प्रगाढ बन्ने सम्भावना छ। स्वास्थ्यमा सामान्य सतर्कता आवश्यक छ।

**मिथुन**
बौद्धिक कार्यमा सफलता मिल्नेछ। अध्ययन, लेखन वा सञ्चार क्षेत्रसँग सम्बन्धित व्यक्तिका लागि दिन फलदायी रहनेछ।

**कर्कट**
परिवारको साथ र सल्लाहले महत्वपूर्ण निर्णय लिन सहज हुनेछ। रोकिएका काम अघि बढ्न सक्छन्।

**सिंह**
नेतृत्व क्षमता प्रदर्शन गर्ने अवसर प्राप्त हुन सक्छ। सामाजिक प्रतिष्ठा बढ्ने संकेत छ।

**कन्य**
कार्यव्यस्तता बढे पनि परिणाम सन्तोषजनक रहनेछ। आर्थिक लेनदेनमा सावधानी अपनाउनुहोस्।

**तुला**
नयाँ सम्बन्ध र सहकार्यका अवसर प्राप्त हुन सक्छन्। वैदेशिक वा दूरस्थानसँग सम्बन्धित काममा सकारात्मक संकेत ।

**वृश्चिक**
धैर्य र संयमले चुनौती पार गर्न सकिनेछ। स्वास्थ्य तथा खानपानमा ध्यान दिनु आवश्यक छ।

**धनु**
छोटो यात्रा लाभदायी हुन सक्छ। पुराना साथीभाइसँगको भेटघाटले मन प्रफुल्लित बनाउनेछ।

**मकर**
आर्थिक व्यवस्थापनमा सुधार आउनेछ। कार्यस्थलमा जिम्मेवारी बढ्न सक्छ तर त्यसले भविष्यमा लाभ दिनेछ।

**कुम्भ**
नयाँ विचार र योजनाले सफलता दिलाउन सक्छ। सामाजिक तथा व्यावसायिक क्षेत्रमा प्रभाव बढ्नेछ।

**मीन**
आध्यात्मिक तथा धार्मिक गतिविधिप्रति आकर्षण बढ्नेछ। रोकिएका काम पूरा हुने सम्भावना छ।

# कांग्रेसभित्र रडाको : .........

भिडियो अन्तर्वार्तामा भनेका थिए।

नेता साउदले अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा महाधिवेशन प्रक्रिया एकपक्षीय ढंगले अगाडि बढाउन नमिल्ने बताए। यता संस्थापन पक्षले भने सहमति जुटाउन प्रयास गरिरहेको बताएको छ । सभापति गगन थापाले शुक्रबार निवर्तमान सभापति देउवाका स्वकीय सचिव भानु देउवालाई टेलिफोन गरी भेट्नका लागि समय मागेका थिए 'उहाँ (गगन थापा)ले शुक्रबार टेलिफोन गरेर समय माग्नुभएको थियो। मैले समय मिलाएर बोलाउँछु भनेको छु,' भानुले रातोपाटीसँग भने ।

त्यो भेट राजनीतिक सहमतिका लागि भएको संस्थापन पक्षका नेताहरु बताउँछन् । कांग्रेस प्रवक्ता देवराज चालिसेले महाधिवेशन निष्पक्ष बनाउन आपसी सहमतिमा विश्वासनीय वातावरण बनाउन सकिने बताउँछन् ।

'केन्द्रीय समिति विस्तार गर्नुपर्ने हो भने गरौँ, विधानले दिएको अधिकार प्रयोग गरेर गरौँ, संख्याको सीमालाई ख्याल गरौँ । क्रियाशील सदस्यता व्यवस्थापनमा प्रश्न छ भने सबै पक्षको सहभागिता र विश्वास हुने समिति बनाऔँ,' प्रवक्ता चालिसेले फेसबुकमा लेखेका छन्, 'निर्वाचनप्रति आशंका छ भने सबैलाई विश्वास हुने निर्वाचन समिति र पारदर्शी विधि तय गरौँ। महाधिवेशन निष्पक्ष बनाउन थप उपाय चाहिन्छ—आपसी सहमतिमा विश्वसनीय वातावरण बनाऔँ । यी सबै असन्तुष्टि र विवाद समाधान विधानभित्रै सम्भव छ ।'

संस्थापनले 'विधानभित्र सहमति सम्भव छ' भन्नुको अर्थ देउवालाई स्विकार्दैनौँ भनेको हो। संस्थापनका अनुसार विधान बमोजिम नै विशेष महाधिवेशन भएको र त्यसबाटै सभापतिमा थापा चयन भएका हुन् । र उनकै नेतृत्वमा समिति बनाउनुपर्ने अडानमा संस्थापन छ, यसले कुरा मिल्न सकेको छैन ।

देउवालाई सभापति मानेर १५औँ महाधिवेशन गराउन सकिन्छ त ? रातोपाटीको यो पश्नमा प्रवक्ता चालिसेले घुमाउरो जवाफ दिए, 'पार्टीको विधानमै विशेष महाधिवेशनको व्यवस्था छ, त्यसको आवश्यकता देखेर नै विधानमा त्यो दफा राखिएको हो । विशेष परिस्थिति उत्पन्न हुँदा त्यो प्रयोग हुन्छ, भयो पनि । विशेष महाधिवेशनको वैधानिकतालाई निर्वाचन आयोग र सर्वोच्च अदालतले स्वीकार गरिसकेको अवस्था हो । यो कहीँ कतै खारेज भएको छैन । वैधानिकतालाई विस्थापित गर्ने अर्को निर्णय पनि अवैधानिक हुन्छ ।'

प्रवक्ता चालिसेले विधानले स्वीकृत गर्ने हरेक सहमतिका लागि सबै जना खुला हुनुपर्ने र आफूहरु खुला रहेको बताए । यता इतर समूहका प्रचार प्रसार समितिका संयोजक नेता मीन विश्वकर्माले भने देउवाको नेतृत्वमा १५औं महाधिवेशन हुने निश्चित भए सहमति हुने नभए नहुने बताए । रातोपाटीबाट

# युवाको उत्साह, अनुभव ..............

मर्यादा कहिल्यै नाघ्नु हुँदैन । भ्रष्टाचारविरूद्ध कठोरता आवश्यक छ तर कठोरता कानूनसम्मत हुनुपर्छ। सरकारले आफ्नो लोकप्रियता वा बहुमतको बलमा संवैधानिक संस्था, संसद्, न्यायपालिका, प्रशासन वा स्वतन्त्र नियामक निकायहरूलाई अझ बलियो बनाउनुपर्छ । तेस्रो हो, छोटो समयको लोकप्रियतालाई भन्दा दीर्घकालीन सुधार रोज्नुपर्छ। नयाँ सरकारसँग जनताको आशा धेरै हुँदा पनि सबै कुरा एकै वर्षमा परिवर्तन गर्न खोज्दा प्रशासनिक अव्यवस्था उत्पन्न हुनसक्छ। सय दिनमा देखिने परिणामभन्दा १० वर्षपछि पनि टिक्ने संस्थागत सुधार महत्वपूर्ण हुन्छ। सरकारले शिक्षा, स्वास्थ्य, रोजगारी, उद्योग, कृषि, पूर्वाधार, प्रशासनिक सुधार, भ्रष्टाचार नियन्त्रण र न्याय प्रणालीका क्षेत्रमा स्पष्ट प्राथमिकता निर्धारण गरेर चरणबद्ध रूपमा काम गर्नुपर्छ । चौथो हो, आलोचनालाई स्वागत गर्ने संस्कारको विकास हुनुपर्छ । लोकतन्त्रमा आलोचना सरकारको कमजोरी होइन, सरकारलाई सुधार्ने माध्यम हो । सञ्चारमाध्यम, विपक्षी दल, नागरिक समाज, प्राज्ञिक क्षेत्र र नागरिकले उठाएका प्रश्नलाई पुरानो सोच वा परिवर्तनविरोधीको संज्ञा दिँदै खारेज गर्नु हुँदैन । सरकारको सफलताका लागि विश्वसनीय आलोचना आवश्यक हुन्छ ।

**नयाँ नेतृत्वका लागि विश्वको सन्देश**

दक्षिण एसियाली मुलुकमा भएका 'जेन्जी' पुस्ताको आन्दोलनले एउटा नयाँ राजनीतिक युग सुरू गरेको देखिन्छ । नेपालमा २०८२ सालको जेन्जी आन्दोलनले तत्कालीन सरकार ढालेपछि २०८२ सालको निर्वाचनमा ठूलो राजनीतिक परिवर्तन भयो । बङ्गलादेश र श्रीलंकामा पनि युवा तथा जनआन्दोलनले स्थापित राजनीतिक शक्तिलाई चुनौती दिए तर 'च्याथम हाउस'ले हालै गरेको विश्लेषणमा यी नयाँ सरकारहरूले ठूलो जनादेश पाए पनि शासन सञ्चालनको जटिलता र अनुभवको कमीका कारण चुनौती सामना गरिरहेको उल्लेख छ । यसको अर्थ आन्दोलन जित्नु र राज्य चलाउनु फरक कुरा हो भन्ने पुष्टि हुन्छ । आन्दोलनले असन्तुष्टि व्यक्त गर्छ । शासनले समाधान दिनुपर्छ र नयाँ संस्था निर्माण गर्नुपर्छ । आन्दोलनमा नारा पर्याप्त हुनसक्छ। शासनमा नीति, बजेट, कानून, प्रशासन, कूटनीतिलाई जनता र देशका पक्षमा कार्यान्वयन गर्ने हुटहुटीसहितको विशेष क्षमता चाहिन्छ।

अन्त्यमा, नेपालको वर्तमान सरकारसँग एउटा दुर्लभ अवसर छ । पुराना राजनीतिक शक्तिप्रतिको निराशा, युवाको ऊर्जा, जनताको परिवर्तनको चाहना र झन्डै दुई तिहाइको संसदीय शक्ति, अहिले यी चारवटै कुरा एउटै सरकारको हातमा आएको अवस्था छ। वर्तमान सरकारका लागि आजको सबैभन्दा महत्वपूर्ण अस्त्र भनेकै ऊर्जाले भरिएका शिक्षित युवाहरु शासनमा हुनु हो। उनीहरूले गरेको निर्णयहरू तथ्यमा आधारित होस्। नेतृत्वले राजनीतिक संस्कार स्वीकार गरोस्। तीव्र सुधारका दिशामा अघि बढोस्। नेपाली जनताले करिब दुई तिहाइको वर्तमान सरकारलाई केवल एउटा अर्को सरकारका रूपमा हेरेका छैनन्, परिवर्तनको आशाको प्रतिनिधिका रूपमा हेरेका छन् ।

इतिहासले वर्तमान सरकारलाई विशेष जिम्मेवारीसहित ऐतिहासिक अवसर प्रदान गरेको छ । अपारजनताको समर्थनसहित युवाले नेतृत्व गरेको वर्तमान सरकारका बीच मुलुकमा व्याप्त भ्रष्टाचार, विकृति–विसङ्गति र ढिलासुस्तिको अन्त्य गर्दै सुशासन, समृद्धि, दिगो विकास गर्ने चुनौती रहेको देखिन्छ। निर्वाचनका क्रममा जनतामाझ पुग्ने र सरकार निर्माण गर्नेक्रममा वाचा गरिएअनुसार त्यसकिसिमका चुनौतीको सामना गर्न वर्तमान सफल हुने विश्वास गरिएको छ। रासस

# भानु नगरपालिकामा .......

विषयमा समेत सहभागीबीच छलफल भएको थियो ।

नगरपालिकाले नागरिकलाई प्रदान गर्दै आएको सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउने तथा विकासका कार्यक्रमलाई परिणाममुखी ढंगले अघि बढाउने विषयमा कार्यक्रममा जोड दिइएको थियो। आगामी दिनमा योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, अनुगमन र मूल्याङ्कनलाई थप व्यवस्थित बनाउँदै नगरपालिकाको समग्र विकासलाई गति दिने विषयमा पनि छलफल भएको जनाइएको छ । कार्यक्रममा नगर उपप्रमुख, जनप्रतिनिधि, विषयगत शाखाका प्रमुख तथा कर्मचारीहरूको सहभागिता रहेको थियो। सहभागीहरुले गत वर्षका कार्यक्रमको समीक्षा गर्दै आगामी कार्यदिशा र प्राथमिकताबारे समेत धारणा राखेका थिए ।

bitly
bhanjyangnews.com

## एकै व्यक्ति भएको सूचना

गण्डकी प्रदेश तनहुँ जिल्ला भिमाद नगरपालिका वडा नं २ निवासी भुपु सैनिक नं जेसी ६०७९४८X दर्जा सुवेदार एण्ड हनेरी लेफ्टिनेन्ट पल्टन १/३ जिआर का **रविन्द्र बहादुर राना**को श्रीमती **टंकला थापा राना**को नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर **टंकला थापा राना** रहेको र निजको जन्ममिति २०२३/०८/०५ (1966/11/20 AD) रहेको निजको पति **रविन्द्र बहादुर राना**को पेन्सन अभिलेखमा नामथर **टंकला राना** रहेको र जन्ममिति २०२३/०८/०७ (1966/11/22 AD) भई नाम थर र जन्म मिति फरक पर्न गएता पनि व्यक्ति एकै भएको भनी भिमाद नगरपालिका वडा नं २ को वडा कार्यालयको च.नं. १२४ मिति २०८३/०५/०२ गतेको पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि मात्र सिफारिस गरिन्छ ।

**बन्दीपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**

## बन्दीपुर अस्पताल

बन्दीपुर-४, तनहुँ । गण्डकी प्रदेश, नेपाल

### ट्रष्ट निर्माण कार्यको लागि दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशनः २०८३/०५/१०)**

यस बन्दीपुर अस्पतालको पुरानो बिरामी भर्ना कक्ष (इन्डोर) हालको फार्मेसी तथा काउन्टर अगाडीको भागमा ट्रष्ट नहुँदा सेवाग्राहीलाई घाम पानीबाट अ-सहज भईरहेको हुँदा तत्कालै बनाउन आवश्यक देखिएकाले बन्दीपुर अस्पताल संचालन तथा व्यवस्थापन समितिको निर्णयानुसार ट्रष्ट निर्माण गर्ने कार्यका लागि बन्दीपुर अस्पतालमा सूचिकृत निर्माणव्यवसायीहरूसंग सार्वजनिक खरिद ऐन २०६३ (दोश्रो संसोधन २०८३ सहित) को दफा ४१ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ बमोजिम लिखित दररेट माग गरी कामकाज गर्नुपर्ने भए पनि बन्दीपुर अस्पतालद्वारा मिति २०८३/०४/०१ गते नै सूचिकृत हुनका लागि सूचना प्रकाशन गरेता पनि हालसम्म कोही पनि निर्माणव्यवसायी सूचिकृत नहुनुभएको हुँदा ईच्छुक सम्बन्धित सबैको जानकारीको लागि मिति २०८३/०५/१६ गते बेलुकी ५:०० बजेसम्म सूचिकृत भई दरभाउपत्र पेश गर्नका लागि सो सात दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | सूचना नं | निर्माण कार्य | लागत रकम (कन्टिन्जेन्सी तथा मु.अ. कर बाहेक) | कै. |
|---|---|---|---|---|
| १ | BH/DP/WORKS/2083-84/01-TRUST CONSTRUCTION | ट्रष्ट निर्माण | रु. 113,915.63/- (अक्षेरपी एक लाख तेह हजार नौ सय पन्ध्र रुपैया छ तीन पैसा) | |

**थप विस्तृत जानकारी एवं BOQ को लागि सम्पर्कः**
**प्रशासन शाखा प्रमुख** : ९८५६०४२०६२, मे.सु.: ९८५६०६३३३१

**मेडिकल सुपरिटेन्डेन्ट, बन्दीपुर अस्पताल**

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

## आदिकवि भानुभक्त क्याम्पस

व्यास-१, विज्ञानचौर, दमौली, तनहुँ
**विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत (२०८०)**

### खुला पुस्तक समीक्षा कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०५/०९)**

आदिकवि भानुभक्त क्याम्पसको ४०औँ वार्षिकोत्सवको एवं **राष्ट्रिय पुस्तकालय दिवस-२०८३** को अवसरमा यस क्याम्पस र एकदेव आले पुस्तकालय एवं चिन्तन प्रतिष्ठान, दमौली, तनहुँको संयुक्त आयोजनामा मिति २०८३ भाद्र १५ गते हुने **खुला पुस्तक समीक्षा कार्यक्रम**मा पुस्तक समीक्षकका रूपमा सहभागी भई आफ्नो विश्लेषणात्मक प्रस्तुति दिन इच्छुक समुदाय/क्याम्पसमा अध्ययनरत प्राध्यापक, विद्यार्थी तथा अनुसन्धानकर्ताहरूले क्याम्पस प्रशासनमा नाम दर्ता गर्नुहुन सूचित गरिन्छ ।

**क) समीक्षा तयार गर्दा ध्यान दिनुपर्ने मुख्य बुँदाहरु :**

१) **प्रारम्भिक परिचय** : पुस्तकको नाम, लेखक, प्रकाशक, मूल्य र विधा स्पष्ट खुलाउने ।
२) **सार संक्षेप र तटस्थता:** पुस्तकको मूल विषयवस्तु पूर्वाग्रहमुक्त भई वस्तुनिष्ठ मूल्याङ्कन गर्ने।
३) **सबल र दुर्बल पक्षको विश्लेषण** : लेखकको भाषा, शैली, पात्र विधान, विचार वा तर्कको विश्लेषण गर्दै पुस्तकका सबल र सुधारयोग्य दुबै पक्षलाई प्रमाणसहित सन्तुलित रूपमा प्रस्तुत गर्ने।
४) **निष्कर्ष र सिफारिस:** पुस्तकको समग्र महत्व र लक्षित पाठक वर्गबारे स्पष्ट निष्कर्ष र सिफारिस दिने

**(ख) समीक्षाको ढाँचा तथा समय सीमा :**

१) **लम्बाइ** : लिखित समीक्षा २ देखि ३ पृष्ठमा लगभग १ देखि २ हजार शब्दको हुनुपर्नेछ ।
२) **प्रस्तुतीकरण समय** : कार्यक्रमका दिन मौखिक प्रस्तुतिका लागि प्रत्येक समीक्षकलाई अधिकतम ८ देखि १० मिनेटको समय उपलब्ध गराइनेछ ।

**(ग) नाम दर्ता सम्बन्धी विवरण :**

१) **दर्ता गर्ने अन्तिम मिति** : २०८३ भदौ १० गते अपरान्ह ४:०० बजेसम्म ।
२) **दर्ता गर्ने स्थान** : क्याम्पस प्रशासन ।
३) **आवश्यक विवरण** : नाम, अध्ययनरत तह/विभाग, सम्पर्क नम्बर र समीक्षा गरिने पुस्तकको नाम तथा लेखकको विवरण दर्ता गराउनुपर्नेछ ।

(घ) समीक्षा प्रस्तुत गर्ने सहभागीहरूलाई क्याम्पसको तर्फबाट प्रशंसापत्र एवं पारिश्रमिकको व्यवस्था गरिएको छ ।

**थप जानकारीका लागि प्रशासन शाखा ०६५५९००९६ मा सम्पर्क गर्नुहोला ।**

**क्याम्पस प्रमुख**


## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**भदौ १३ गते शनिबार**



**डा. जयन्ती ज्वारचन**
**वरिष्ठ छाला, यौन, कुष्ठ तथा सौन्दर्य रोग विशेषज्ञ**
**(Manipal Teaching Hospital, Pokhara)**

**सुन्दर छाला, स्वस्थ यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं।**

**स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख समस्या र लक्षणहरुः**

१. **छाला सम्बन्धी रोगहरु:**
अनुहार, हात, शरीरमा रास, डाबर वा रातो-गुलियो देखिनु, चिलाउने, सुन्निने, फोकाहरु आउने, खोपडीमा बोसो, ड्यान्ड्रफ वा रौं झर्ने समस्या, सोरायसिस (Psoriasis), एक्जिमा (Eczema), एलर्जी

२. **यौनरोग सम्बन्धी समस्याहरू** (Male/Female):
यौनाङ्गमा घाउ, दुखाइ वा फोका आउने, यौन रोगजन्य संक्रमण (STI/STD), जलन, गन्ध, शीघ्रपतन, नपुंसकता, यौन दुर्बलता, यौन जीवनमा आत्मविश्वासको कमी

३. **कुष्ठ** (Leprosy) **रोग:**
छालामा संवेदनाहीन रङ फेरेको दाग, हातखुट्टा टर्रिने, कमजोरी वा सुन्निने, कुष्ठ रोगका प्रारम्भिक लक्षणहरु, लामो समयको छाला समस्या जसले निको हुँदैन

४. **सौन्दर्य चिकित्सा** (Aesthetic Dermatology):
छालाको रङ, दाग, डार्क स्पट हटाउने उपचार, फेसियल थेरापी, स्किन पीलिङ, स्कार ट्रीटमेन्ट, मुहार चम्काउने र त्वचा टाइट गर्ने उपायहरु, हेयर ट्रीटमेन्ट तथा लेजर सेवा, कपाल झर्ने समस्यामा Inj PRP दिनुको साथै कपाल झरेर पुरै टाउको खाली भएको र ठाउँ ठाउँमा खाली भएकोमा कपाल रोप्ने (Trasplant) पनि गरिन्छ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९


# भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्र : पूर्ण खोप अभियानले पशु रोगको जोखिम घटायो

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँमा पशु तथा चौपायामा लाग्ने सङ्क्रामक रोग नियन्त्रणका लागि सञ्चालन गरिएको पूर्ण खोप कार्यक्रम प्रभावकारी देखिएको छ। आर्थिक वर्ष २०८२/८३ मा जिल्लाका विभिन्न स्थानमा पुगेर खोरेत, लम्पी स्किन, पिपिआर तथा बङ्गुरको हैजाविरूद्ध गरी एक लाख ९० हजार २०१ डोज खोप लगाइएको छ ।

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँका कार्यालय प्रमुख रविनसन अधिकारीका अनुसार खोप कार्यक्रमअन्तर्गत खोरेतविरूद्ध ३९ हजार ८४९, लम्पी स्किन रोगविरूद्ध १० हजार ५७८, पिपिआर रोगविरूद्ध एक लाख ३१ हजार ४७१ र बङ्गुरको हैजाविरूद्ध आठ हजार ३०० डोज खोप लगाइएको छ ।



खोप कार्यक्रममार्फत जिल्लामा खोप योग्य गाईभैँसीमध्ये करिब ५० प्रतिशतमा खोरेतविरूद्ध खोप लगाइएको भने ५५ प्रतिशत बाख्रामा पिपिआरविरूद्ध र ३५ प्रतिशत बङ्गुरमा हैजाविरूद्ध खोप लगाइएको अधिकारीले बताए ।

अधिकारीका अनुसार व्यास नगरपालिकामा १६ हजार ५८४, शुक्लागण्डकी नगरपालिकामा १७ हजार ६५६, भानु नगरपालिकामा २६ हजार सात, भिमाद नगरपालिकामा २४ हजार ३५१ खोप लगाइएको छ ।

यस्तै, आँबुखैरेनी गाउँपालिकामा १९ हजार ९५८, ऋषिङ गाउँपालिकामा २० हजार १४१, घिरिङ गाउँपालिकामा २१ हजार ५०७, बन्दीपुर गाउँपालिकामा १४ हजार ९८९, म्याग्दे गाउँपलिकामा नौ हजार २४ र देवघाट गाउँपालिकामा १९ हजार ९८४ पशुलाई खोप लगाइएको छ ।

अधिकारीका अनुसार खोप कार्यक्रम सञ्चालन भएपछि खोप लगाइएका क्षेत्रमा सम्बन्धित रोगको प्रकोप देखिएको छैन । पशुमा सङ्क्रामक रोगको जोखिम कम गर्न नियमित खोप कार्यक्रम महत्वपूर्ण रहेको उनले बताए ।

"पूर्ण खोप कार्यक्रम सञ्चालन भएपछि जिल्लामा खोरेत, लम्पी स्किन, पिपिआर तथा बङ्गुरको हैजाको प्रकोप देखिएको छैन", अधिकारीले भन्नुभयो, "खोपलाई नियमित र प्रभावकारी बनाउनसके पशुधनको सुरक्षा हुनुका साथै किसानले व्यहोर्नुपर्ने आर्थिक क्षति पनि कम गर्न सकिन्छ ।"

कार्यालयले १० वटै पालिकाका ८५ वडा र एक हजार ११३ टोलमा पुगेर खोप सेवा प्रदान गरेको थियो । कार्यक्रम सञ्चालनका लागि ९३ जना खोपकर्ता परिचालन गरिएको थियो। खोपकर्तालाई स्थानीय तह तथा सम्बन्धित निकायसँग समन्वय गरी पशुपालक किसानको पहुँचमा पुगेर खोप लगाउने व्यवस्था मिलाइएको कार्यालयले जनाएको छ ।

पूर्ण खोप कार्यक्रम सञ्चालनका लागि रू एक करोड २० लाख बजेट विनियोजन गरिएकामा रू ९० लाख ४३ हजार खर्च भएको छ। पशुमा लाग्ने सङ्क्रामक रोगले किसानको पशुधनमा प्रत्यक्ष क्षति पुऱ्याउनुका साथै दूध तथा मासु उत्पादनमा असर पार्ने भएकाले रोग नियन्त्रणलाई प्राथमिकतामा राखिएको कार्यालयले जनाएको छ ।

खोरेत, लम्पी स्किन र पिपिआरजस्ता रोगको सङ्क्रमण फैलिँदा ठूलो सङ्ख्यामा पशु प्रभावित हुनसक्ने भएकाले रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्नुअघि नै खोपमार्फत रोकथाम गर्नु प्रभावकारी हुने अधिकारीको भनाइ छ ।

पशुमा पूर्ण खोपसँगै पशु स्वास्थ्य सेवा तथा पूर्वाधारको विकासलाई प्राथमिकतामा राखिएको कार्यालयले जनाएको छ । पशुपालक किसानलाई समयमै प्राविधिक सेवा उपलब्ध गराउने, रोगको निगरानी तथा नियन्त्रण गर्ने र पशुजन्य उत्पादन वृद्धि गर्ने उद्देश्यले सेवा विस्तार भइरहेको कार्यालय प्रमुख अधिकारीले बताए ।

# ११ जिल्ला कार्यक्षेत्र रहेको कीट .......

आहारको कमी देखिएको र त्यसका कारण मौरी मर्ने समस्या देखिएको उल्लेख छ । प्रतिकूल मौसममा मौरीका गोला संरक्षणका लागि केन्द्रले कृत्रिम आहार व्यवस्थापन गरेको थियो। यसका लागि चिनी, मह, कुट तथा फिडरलगायत सामग्री खरिद गरिएको थियो ।

केन्द्रले मौरीपालक कृषक, मौरी विज्ञ तथा स्थानीय तहका कृषि प्राविधिकबीच अन्तरक्रियासमेत सञ्चालन गरेको थियो । मौरी विकास केन्द्र भण्डारा, चितवनसँग मौरी ब्रिडिङलगायतका विषयमा समन्वय गरिएको प्रतिवेदनमा उल्लेख छ ।

**११ दरबन्दीमध्ये तीन पद रिक्त**

व्यावसायिक कीट विकास केन्द्रमा स्वीकृत ११ दरबन्दीमध्ये आठ पदमा मात्र स्थायी तथा करारमार्फत पदपूर्ति भएको छ । प्रतिवेदनअनुसार प्राविधिकतर्फ स्वीकृत ६ दरबन्दीमध्ये सबै पदमा पदपूर्ति भएको छ भने अप्राविधिकतर्फ स्वीकृत पाँच दरबन्दीमध्ये दुई स्थायी र दुई करार गरी चार पदमा पदपूर्ति भएको छ । एक पद रिक्त रहेको छ । समग्रमा ९ दशमलव ०९ प्रतिशत दरबन्दी रिक्त रहेको प्रतिवेदनमा उल्लेख छ ।

**राजस्वमा वृद्धि**

केन्द्रले राजस्व संकलनमा समेत अघिल्लो आर्थिक वर्षको तुलनामा वृद्धि गरेको छ । आर्थिक वर्ष २०८१/८२ मा १ लाख १८ हजार रूपैयाँ राजस्व संकलन भएकोमा आर्थिक वर्ष २०८२/८३ मा १ लाख ९४ हजार रूपैयाँ राजस्व संकलन भएको छ । एक वर्षमा राजस्व ७६ हजार रूपैयाँले बढेको हो । राजस्व तिर्ने सेवाग्राहीको संख्या पनि ४७ बाट बढेर ७५ पुगेको छ ।

**२०५१ सालमा स्थापना, गण्डकीका ११ जिल्ला कार्यक्षेत्र**

व्यावसायिक कीट विकास केन्द्रको स्थापना २०५१/५२ सालमा रेशम खेती विकास कार्यालयका रूपमा भएको थियो । २०६१/६२ मा प्रजनन पिँढी बिजकोया स्रोत केन्द्रमा परिणत भएको केन्द्र २०७५/७६ मा प्रदेश सरकारअन्तर्गत हस्तान्तरण भएको थियो । त्यसपछि २०७७/७८ बाट व्यावसायिक कीट विकास केन्द्रका रूपमा सञ्चालनमा आएको हो । केन्द्रको कार्यक्षेत्र गण्डकी प्रदेशका ११ वटै जिल्ला रहेको छ ।

केन्द्रको कुल सात हेक्टर जग्गामध्ये ३ दशमलव ५ हेक्टरमा किम्बु बगैंचा, एक हेक्टरमा मौरी चरन व्यवस्थापन, एक हेक्टरमा फलफूल ब्लक, शून्य दशमलव ५ हेक्टरमा वीरापालन तथा घर–अफिस र एक हेक्टर अन्य बाँझो जमिन रहेको छ ।

केन्द्रले आगामी दिनमा मौरीपालन, च्याउ खेती र रेशम प्रविधिसँग सम्बन्धित उत्पादन, तालिम तथा प्राविधिक सेवाको विस्तार गर्दै कृषकलाई व्यावसायिक उत्पादनतर्फ आकर्षित गर्ने आधार तयार गरेको केन्द्रका बाली संरक्षण अधिकृत विजयराज पौडेलले जानकारी गराएका छन् । तर मौरीपालनमा देखिएको मौसमी जोखिम, मौरी आहारको अभाव, केही कार्यक्रमको न्यून वित्तीय प्रगति तथा जनशक्ति अभावजस्ता पक्षलाई सम्बोधन गर्नुपर्ने देखिएको उनले जनाएका छन् ।

**आत्महत्या समस्याको समाधान होइनः**

**आत्महत्याका प्रमुख कारणः**

- मानसिक तनाव, डिप्रेशन, एक्लोपन वा निराशा,
- हिंसा, पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- गरिबी, बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुर्व्यवहार लगायत।

**रोकथामका लागिः**

- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्याका बारेमा खुलेर कुरा गरौं,
- तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं।

**"एक-अर्काको सहारा बनौं, आत्महत्या होइन समस्याको समाधान खोजौं"**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

facebook twitter



**Gokul Prasad Baskota**
x.com/GokulPBaskota

ग्रेटवाल र वर्लिन वाल दुवै मान्छेले बनाए, शासककै ईच्छामा सुरक्षाका लागि। तर फरक के थियो भने एउटा राष्ट्रिय सुरक्षा भन्दा राजनीतिक सत्ताको सुरक्षाका खातिर र अर्को राष्ट्रिय सुरक्षा, सभ्यता, शीप र सामार्थ्यको किल्लाको परिचयका निमित्त बन्यो।अन्तत त्यै टिक्यो जो मान्छेका खुसीसँग जोडियो ।



**Sailendra Mishra**
x.com/mishrakancho1

अचम्म लाग्ला तर यथार्थ हो ।
मृगौलाको गम्भीर बिरामीले रू. ५० हजार घातक रोग कर तिर्नुपर्यो ।
घातक रोग जस्तै क्यान्सर, मृगौला फेल आदि भई उपचार गर्न बीमा कम्पनीबाट हुने बिमा भुक्तानी रकममा पनि ५% कर लाग्दो रहेछ। मृगौलाको एक गम्भीर बिरामीले आज १० लाख घातक रोग उपचार बीमा रकम पाउनुपर्नेमा रू. ५० हजार घातक रोग कर कट्टा गरियो ।
सरकार ! यस्ता गम्भीर बिरामीलाई कर लगाएर देश बिकास चाहिएको छैन्। खै सरकारको नेतृत्वमा रहेका ब्यक्तिहरूको मानवता ?

# विपन्न बालबालिकाहरूको सहारा बन्यो गाउँपालिका

**भञ्ज्याङ समाचारदाता/गोरखा**

आर्थिक अवस्था कमजोर भएकै कारण कोही पनि विद्यालय शिक्षाबाट वञ्चित हुनु नपरोस् भन्ने उद्देश्यले जिल्लाको सहिदलखन गाउँपालिकाले आवाससहित शिक्षा दिने व्यवस्था गरेको छ । आफ्नो पालिका भित्रका विपन्न बालबालिकालाई लक्षित गरेर गाउँपालिकाले वडा नं ६ घैरूङ बाँसकोटस्थित हिमालय माविमा आवासहित पढ्न पाउने व्यवस्था गरेको हो ।

पालिकावासीलाई शिक्षाको शिक्षा कार्यक्रममा लागि पालिकाले आर्थिक वर्ष २०८२/०८३ मा रू १० लाख विनियोजन गरेको थियो। सोही रकमले हिमालय माविको रित्तो भवनमा छात्र र छात्राहरूका लागि छात्रावास, शौचालय र मेसको व्यवस्थापन गरेको उहाँले जानकारी दिनुभयो ।

"छात्रावास व्यवस्थापनको काम गत असारमै सकिएको थियो तर बर्खे बिदा र विद्यार्थीहरूको प्रथम त्रैमासिक परीक्षाका कारण सञ्चालनमा ल्याउन ढिला भयो", उहाँले भन्नुभयो ।

गाउँपालिकाले २० जना



अधिकार सुनिश्चित गर्न हिमालय माविमा आवासीय शिक्षाको व्यवस्था गरेको पालिकाका अध्यक्ष रमेश थापा मगरले बताउनुभयो ।

"पालिकाभित्रका अनाथ, असहाय र आर्थिक रूपमा विपन्न बालबालिकाहरूलाई सुरक्षित आवाससहित गुणस्तरीय शिक्षा दिने उद्देश्यले छात्रावास सञ्चालनमा ल्याएका हौँ', अध्यक्ष थापाले भन्नुभयो ।

हाल गाउँपालिकाको हिमालय माविस्थित छात्रावासमा १३ जना बालबालिकाहरु आश्रित छन् । उनीहरूको कक्षा १० सम्मको शिक्षा र पालनपोषण सबैको जिम्मेवारी गाउँपालिकाले बेहोर्ने अध्यक्ष थापाको भनाइ छ ।

पालिकाभित्रका विपन्न बालबालिकाहरुका लागि आइतबारबाट सुरक्षित आवासीय शिक्षा सञ्चालनमा ल्याएको गाउँपालिकाका शिक्षा शाखा प्रमुख राजेन्द्र खनालले बताउनुभयो ।

उहाँका अनुसार विपन्न बालबालिकाका लक्षित आवासीय बालबालिका क्षमताको छात्रावास सञ्चालनमा ल्याएको छ । त्यसलाई आवश्यकताअनुसार बढाउँदै लैजाने शिक्षा अधिकृत राजेन्द्र खनालले बताउनुभएको छ ।

पारिवारिक अवस्थाका कारण अध्ययन गर्न नसकेका र संरक्षकको आवश्यकता भएका बालबालिकाहरूलाई पालिकाले आवेदन माग गरी छनोट गरेको थियो । छनोट भएका बालबालिकाहरु अधिकांशको आमा, बुबा नभएका वा भएकाहरूले दोस्रो विवाह गरेका र पारिवारिक अपहेलनामा परेका रहेको पालिकाले जनाएको छ ।

सहिदलखन गाउँपालिकाले सीमान्तकृत चेपाङ र बराम समुदायका बालबालिकाहरूको लागि सिंजाली माविमा छुट्टै आवासीय सुविधासहित पठनपाठन गर्ने तयारी गरेको छ । विद्यालयको भवन निर्माण कार्य सम्पन्न भए लगत्तै आगामी शैक्षिक सत्रबाट उक्त सेवा सञ्चालन गर्ने गाउँपालिकाका शिक्षा अधिकृत राजेन्द्र खनालको भनाइ छ । रासस

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४